# विराटनगर महानगरपालिका

**बैठक संख्याः ४८** **बैठक प्रारम्भः विहान ३:०० बजे**

**मितिः २०७६/५/ ५** **बैठक स्थगनः ५:०० बजे**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुलीज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | का.वा.सदस्य | श्री कुमारी कमला कट्टेल रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३१ | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३२ | आ.सहयोगी | राजेन्द्र प्रधान | |

**निर्णय नं.१**

हिन्दु धर्मालम्बीहरुले भव्यताका साथ मनाउने पर्व भगवान् श्रीकृष्ण जन्माष्टमीको अवसरमा मिति २०७६/०५/०६ गते शुक्रबारका दिन विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालय साथै नगर क्षेत्रभित्रका सम्पुर्ण शिक्षण संस्थाहरु बन्द गरी सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र रहेको व्यवसाय दर्ता, नवीकरण विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मार्फत् व्यवस्थापन गर्ने तथा हालसम्म संघीय सरकार मातहत वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालयद्वारा गर्ने गरिएको दर्ता, नवीकरणको विवरण सहित महानगरपालिकामा हस्तान्तरण गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै अन्तर्राष्ट्रिय व्यापार (आयात/निर्यात) सम्बन्धी महानगरपालिकाको सिफारिसको आधारमा गर्ने व्यवस्थाको लागि वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गैह्र आवासीय नेपाली संघ अष्ट्रेलियाको निमण्त्रणामा अष्ट्रेलिया भ्रमणमा सकेर फर्किनुभएका श्रीमान् प्रमुखज्यूले भ्रमणका अनुभव, गतिविधि तथा उपलब्धिहरुबारे जानकारी गराउनुभयो ।

**निर्णय नं. ४**

विराटनगर महानगरपालिका वडा नं ९ स्थीत पुरानो डोमटोली (पुरानो गुद्री E-Plot) मा हालसम्म तरकारी तथा फलफुल आदि थोक तथा खुद्रा व्यापारीहरुसंग परामर्श गरी प्रदेश नं.१ सरकारद्वारा व्यवस्थापन गरिने कटहरी स्थीत तरकारी तथा फलफुल थोक/खुद्रा बजारमा स्थानान्तरण गर्न तथा उक्त स्थानमा महानगरपालिकाले व्यवसायिक भवन निर्माण गर्नुपर्ने भएकोले नियमानुसारको प्रक्रिया अगाडि बढाई उक्त स्थान खाली गराउने ।

**निर्णय नं. ५**

नगर क्षेत्रभित्रको ऐलानी जग्गाको पहिचान तथा संरक्षण गर्नका लागि ३ नं. वडा अध्यक्ष विनोद कुमार वस्नेतको संयोजकत्वमा तपसिल वमोजिमको ऐलानी जग्गाको पहिचान तथा संरक्षण समितिको गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. विनोद कुमार वस्नेत, ३ नं. वडा अध्यक्ष | संयोजक |
| २. देवेन्द्र पोखरेल,४ नं. वडा अध्यक्ष | सदस्य |
| ३.तिर्थेन्द्र न्यौपाने, ११ नं. वडा अध्यक्ष | सदस्य |
| ४. असलम आलम, १५ नं. वडा अध्यक्ष | सदस्य |
| ५. वद्री नारायण सरदार,१९ नं. वडा अध्यक्ष | सदस्य |
| ६. सुशिला पोखरेल,कार्यपालिका सदस्य | सदस्य |
| ७. चम्पादेवी खत्रि, कार्यपालिका सदस्य | सदस्य |